बैठक नं. १२

कार्यकारी समितिको (२०७३।१।७) निर्णय

निर्णय नं. १:Post Disaster Recovery Framework स्वीकृतिको लागि निर्देशक समितिको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.२ भूकम्पस्मृति दिवस २०७३ को प्रस्तावीत कार्यक्रम स्वीकृतिका लागि निर्देशक समितिमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी सार्वजनिक खरिद कार्यविधि, २०७२ को निम्न दफाहरुमा निम्नबमोजिम संशोधन गर्ने नेपाल सरकार मन्त्रिपरिषद समक्ष प्रस्ताव पेश श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल:

| विवरण | साविक व्यवस्था | संसोधन भई हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| कार्यविधिको दफा ३ को उपदफा ३(घ) | दश करोड रुपैया भन्दा बढीको रकमको लागत अनुमान राजपत्राकिंत विशिष्ट श्रेणीको अधिकृतबाट | दश करोड रुपैया भन्दा बढीको रकमको लागत अनुमान विभागीय प्रमुखबाट । | |
| कार्यविधिको दफा ३ को उपदफा ४(घ) | पच्चीस लाख रुपैया भन्दा बढीको लागत अनुमान राजपत्राकिंत विशिष्ट श्रेणीको अधिकृतबाट | पच्चीस लाख रुपैया भन्दा बढीको रकमको लागत अनुमान विभागीय प्रमुखबाट । | |
| कार्यविधिको दफा ७ (घ) | पन्ध्र करोड रुपैया भन्दा बढीको लागत अनुमान राजपत्राकिंत विशिष्ट श्रेणीको अधिकृतबाट | पन्ध्र करोड रुपैया भन्दा बढीको रकमको लागत अनुमान विभागीय प्रमुखबाट । | |
| कार्यविधिको दफा १० | बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अंक कवोल गरेमा कवोल अंकको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जती रकमले घटी कबुल गरेको छ सो को पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत राख्नु पर्नेछ । | बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशत सम्म कम अंक कवोल गरेमा कवोल अंकको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति प्रतिशतले घटी कबुल गरेको छ सो को पचास प्रतिशतले हुन आउने प्रतिशत कबुल अंकको पाँच प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत राख्नु पर्नेछ । | |

सचिव

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार काठमाडौं, २०७२

बैठक नं. १४

## कार्यकारी समितिको मिति २०७३।०१।११ बैठकको निर्णयहरु

१. भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि को दफा १७ अनुसारको अधिकार प्रयोग गरी परिमार्जन सहित संलग्न अनुसूची-१ अनुसारको कार्यविधि संशोधन प्रस्ताव स्वीकृत गरियो ।

२. केन्द्रीय तथ्यांक विभागको तथ्यांक प्रशोधन गरी भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण अनुदानका लागि लाभग्राही छनौट मापदण्डबाट समेत छनौट भई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको केन्द्रीय आयोजना कार्यान्वयन इकाई ( CLPIU-MOFALD) बाट MIS प्रणाली अनुरुप सिफारिश भई आएका संलग्न अनुसूची-२ मा उल्लेखित लाभग्राहीहरुको सूची प्रकाशनको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (CLPIU–MOFALD) मा पठाउने निर्णय गरियो ।

३. माथी बुँदा नं. २ बमोजिम सूची पठाउँदा सो को लागि लाग्ने अनुमानित बजेट र अख्तियारी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको केन्द्रीय आयोजना कार्यान्वयन इकाई ( CLPIU-MOFALD) बाट माग भए अनुरुप पठाउने निर्णय गरियो । साथै उपरोक्त अनुसारको लाभग्राहीहरुको सूचीको आधारमा बजेट पठाउनका लागि स्वीकृत कार्यक्रम अनुसार बजेट नपुग हुने देखिएको हुँदा त्यसरी नपुग हुने बजेट व्यवस्थाको सम्वन्धमा अर्थमन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरियो ।

४. भूकम्प प्रभावित नीजी आवासहरुको पुनर्निर्माणका लागि आवश्यक नक्सा स्वीकृत गर्नका लागि सम्वन्धित नगरपालिकाहरु बाट नक्सा पास गर्ने प्रक्रियालाई सहज र सरलीकृत गरी छिटो प्रक्रियाबाट गर्न गराउन आवश्यक निर्णय लिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

५. गोरखा जिल्लाको लाप्राकमा एकीकृत बस्ती विकास कार्यक्रमका सम्बन्धमा गैर आवासीय नेपाली संघबाट प्राप्त हुन आएको प्रस्ताव उपर गैर सरकारी संस्थ परिचालन सम्बन्धी कार्यविधि, २०७२ को दफा ९(६) अनुसारको परियोजना छनौट समितिबाट सिफारिश भई आएको हुँदा उक्त प्रस्ताव अनुरुप योजना तयारी तथा कार्यान्वयन प्रक्रिया अघि बढाउने निर्णय गरियो । साथै उक्त प्रस्ताव अनुरुप राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सहरी विकास मन्त्रालय, र गैर आबासीय नेपाली संघका बिच त्रिपक्षीय सम्झौता गर्न स्वीकृति दिने र सम्झौता पत्रमा दस्तखत गर्नका लागि सह सचिव श्री राम प्रसाद थपलियालाई अख्तियारी दिने निर्णय गरियो ।

सचिव

## पन्ध्रौ बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं १ :निजी आवास अनुदानका लागि बैंकिङ सेवा सम्वन्धमा ।

निर्णय : निजी आवास अनुदानका लागि बैङ्किङ्ग सेवा उपयोग गर्ने सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्क तथा नेपाल बैङ्कर्स एशोसिएशनका पदाधिकारीहरुबीच विभिन्न चरणमा भएका छलफलहरु समेतका आधारमा गत मिति २०७३।१।१५ मा भएको सहमतिका सम्बन्धमा बैठकमा जानकारी भयो। उक्त सहमतिका आधारमा अनुदान वितरण प्रकृयालाई सरल र सहज ढंगले अघि बढाउनका लागि निम्नानुसार गर्ने निर्णय गरियो।

(क)निजी आवास अनुदान वितरण कार्य एकल खाता कोष(TSA) प्रणाली अनुसार गर्ने। यसरी अनुदान वितरण गर्दा नेपाल राष्ट्र बैङ्कले सरकारी कारोबार भएकै दिन वा भोलीपल्ट खर्चको शोधभर्ना हुने व्यवस्था मिलाउनतथा एकल खाता कोषबाट भुक्तानी भएको ७ (सात) दिन भित्र सम्बन्धित बैंकहरुले लाभग्राहीहरुको खातामा रकम जम्मा गर्न लगाउने गरी व्यवस्था मिलाउन नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्ने ।

(ख) गाबिस र नगरपालिकाहरुमा हुने अनुदान सम्झौताका आधारमा लाभग्राहीहरुको विवरण तोकिएका सम्बन्धित बैंकहरुलाई इलेक्ट्रोनिक डाटा (कम्प्यूटर प्रणाली) मार्फत उपलब्ध गराउने र उक्त डाटाका आधारमा बैङ्कहरुले लाभग्राही घरधनीको भौतिक उपस्थिति बीना नै खाता खोल्ने व्यवस्था मिलाउनका लागि नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्ने ।

(ग)निजी आवास अनुदान वितरण गर्दा बैंक तथा वित्तीय संस्थाका 'क''ख' र 'ग' बर्गका सबै बैंकका शाखाहरुलाई समावेश गराउने । सदरमुकाममा रहेका बैंक शाखामा दैनिक न्यूनतम ५० वटा र सदरमुकाम बाहिरका बैंक शाखामा दैनिक न्यूनतम २० वटा लाभग्राहीहरुको खाता खोली अनुदान भुक्तानी गर्दा कुनै शुल्क महसूल नलाग्ने व्यवस्था गर्ने।साथै तीनवटै बर्गका बैंक तथा वित्तीय संस्थाका एशोसियसनहरुले प्रस्तावित गरेको बैंक शाखाहरु मार्फत डेभिट कार्ड उपलब्ध गराएको अवस्थामा सो बापत् प्रस्तावित गरेको प्रति ग्राहक (लाभग्राही) शुल्क रु ३२५। एवं उल्लिखित संख्या भन्दा बढी संख्यामा खाता खोली रकम उपलब्ध गराउँदा प्रति ग्राहक (लाभग्राही) शुल्क रु २२५। लाग्ने व्यवस्थाका सम्बन्धमा अर्थ मन्त्रालय एवं नेपाल राष्ट्र बैंकको राय लिई मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने ।

सचिव

सचिव

(घ) बैङ्कहरुलाई बायोमेट्रिक प्रणाली अवलम्बन गर्न प्रोत्साहित गर्ने, तर यसै कारणबाट अनुदान वितरणमा ढिलाई गर्न नपाइने कुरा नेपाल राष्ट्र बैङ्कमार्फत बैङ्कहरुलाई ~~जानकारी गराउन~~ निर्देशन दिने।

(ङ) प्राधिकरणले अनुदान वितरणको SOP बैङ्कर्स एशोशिएसनसँगको परामर्शमा तयार गरी शिघ्रातीशीघ्र कार्यान्वयनमा ल्याउने।

(च) अनुदान वितरण प्रकृयालाई सहजीकरण र समन्वय गर्नका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिवको संयोजकत्वमा प्राधिकरण, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र बैङ्क, गृह मन्त्रालय, उर्जा मन्त्रालय एवं संचार मन्त्रालयका प्रतिनिधिहरुसदस्य रहने र तीनवटै वर्गका बैङ्किङ्ग एशोशिएसनका प्रतिनिधिहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्ने व्यवस्था मिलाउने गरी एक कमिटि गठन गर्ने।

प्रस्ताव नं २ जिल्ला समन्वय उपसमितिको व्यवस्था सम्बन्धमा

निर्णय : जिल्लास्तरमा निजी आवास अनुदान वितरण तथा पुनर्निर्माणको कार्यकोप्रभावकारी समन्वयको लागि भूकम्प पुनर्निर्माण तथा पुनर्स्थापना नीतिको अनुसूची ६ मा उल्लेखित जिल्ला समन्वय समितिको व्यवस्था रहेको । उक्त समितिलाई जिल्ला समन्वय समितिको मातहतमा रही तत्काल बैठक बस्न नसक्ने अवस्थामा छिटो र प्रभावकारी रुपले दिइएको कायदिश बमोजिमको कार्य सम्पन्न गर्न मिति २०७३।०१।६ को निर्णायानुसार जिम्मेवारी दिइएको । उक्त कार्यक्षेत्रका सम्बन्धमा बैठकलाई जानकारी गराई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ३ गैरसरकारी संस्थाबाट प्राप्त प्रस्तावहरुको सम्बन्धमा ।

निर्णय : पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ को दफा ६ (९) बमोजिमको सिफारिस समितिको मिति २०७३।१।१० गते बसेको बैठकबाट सिफारिस भएका भूकम्प प्रभावित क्षेत्रमा पुनर्निर्माण, पुनर्स्थापना तथा जीविकोपार्जनका कार्यक्रमहरु संचालन गर्नका लागि विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट प्राप्त परियोजना प्रस्तावहरु मध्ये सि. नं २ र ७ बाहेकका (ADARA Development Nepal, ASB, सिपर्दीयन साहित्य संस्था, सेभ दचिल्ड्रेन , Room to Read, का प्रस्तावहरु गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यबिधि २०७२ अनुसार स्वीकृत गर्ने र धुर्मुस-सुन्तली फाउन्डेसन - गिदानचौर एकीकृत नमूना बस्ती पुनर्निर्माण तथा पर्यटन प्रवर्ध्दन कार्यक्रमका हकमा लाभग्राहीहरुले दोहोरो सुविधा नपाउने गरी गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि २०७२ र पुनर्निर्माण अनुदान वितरण कार्यविधि २०७२ अनुसार एकिकृत बस्ती विकास गर्ने गरी प्राप्त प्रस्तावहरु स्वीकृत गर्ने ।

सचिव

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार काठमाडौं, २०७२

सचिव

प्रस्ताव नं ५ प्राधिकरणका कर्मचारीहरुका लागि प्रोत्साहन भत्ता सम्बन्धमा ।

निर्णय : अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको च न ६०९ मिति २०७३।१२।२२ को पत्रबाट प्राधिकरणमा कार्यरत स्थायी दरबन्दीका निजामति कर्मचारीहरुलाई बढीमा ५० प्रतिशत सम्म प्रोत्साहन भत्ता उपलब्ध गराउन मन्त्रिपरिषदबमा प्रस्ताव लान सहमति प्राप्त भएको।

भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण गर्ने सम्बन्धी ऐन २०७२ को दफा १४(६) मा कार्यकारी समितिले नेपाल सरकारबाट उपलब्ध गराइएका कर्मचारीहरुलाई थप सुविधा उपलब्ध गराउन सक्ने व्यवस्था रहेको । अतः अर्थ मन्त्रालयबाट ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी व्यहोराको पत्र कार्यकारी समितिमा पुन छलफलका लागि प्रस्ताव पेश भएको ।

सो सम्बन्धमा भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐनको दफा १४(६) अनुरुप अर्थ मन्त्रालयको सहमति अनुसार २०७२ पौष महिना देखि नै लागू हुने प्राधिकरणमा कार्यरत स्थायी दरबन्दीका निजामती कमर्चारीहरुलाई पूर्व स्वीकृत मापदण्डका सुचकका आधारमा ५० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउन आवश्यक पर्ने थप रकम निकासाका लागि अर्थ मन्त्रालयमा लेखी पठाउने।

## कार्यकारी समितिको सोह्रौं बैठक २०७३।२।२४

प्रस्तावहरु

१. लाभग्राहीको सूची प्रकाशनको लागि स्वीकृत गर्ने बारे,

२. परियोजना प्रस्ताव स्वीकृत गर्ने बारे,

३. विविध ।

निर्णयहरु

१ निजी आवास पुनर्निर्माण अनुदानको लागि लाभग्राही छनौट मापदण्डबाट समेत छनौट भई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (CLPIU–MOFALD) बाट MIS प्रणाली अनुरुप सिफारिश भई आएका १७६ गा.वि.स. र त्यसपछि सोही प्रक्रिया अनुसार सिफारिश भई आएका ५६ गा.वि.स.का समेत गरी जम्मा २३२ गा.वि.स. का २३२२१७ जना लाभग्राहीहरुको नामावली स्वीकृत गरी प्रकाशनका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (CLPIU–MOFALD) मा पठाउने निर्णय गरियो ।

२ पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्यका लागि विभिन्न साझेदार संस्थाबाट प्राप्त परियोजना प्रस्तावहरुमा पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधी, २०७२ को दफा ९ (६) बमोजिमको सिफारिश समितिको प्रस्तावको व्यहोरा खण्डमा उल्लेखित मितिमा सिफारिश गरेका देहाय बमोजिमका प्रस्तावहरु स्वीकृत गर्ने निर्णय गरियो ।

क. मिति २०७३।०२।०३ गते सिफारिश भएका २७ बटा प्रस्तावहरु

ख. मिति २०७३।०२।०४ गते सिफारिश भएका १० बटा प्रस्तावहरु

ग. मिति २०७३।०२।०५ गते सिफारिश भएका १३ बटा प्रस्तावहरु

घ. मिति २०७३।०२।०६ गते सिफारिश भएका १६ बटा प्रस्तावहरु

ङ. मिति २०७३।०२।०११ गते सिफारिश भएका १२ बटा प्रस्तावहरु

च. मिति २०७३।०२।२० गते सिफारिश भएका २१ बटा प्रस्तावहरु

सचिव

## सत्रौ बैठक (२०७३।०२।२९) को निर्णयहरु

१) पुनर्निर्माण कोष व्यवस्थापन तथा संचालन कार्यविधिको मस्यौदा सम्बन्धमा छलफल हुँदा यसमा अर्थ मन्त्रालय लगायत सम्बद्ध निकायहरुसँग छलफल गरी पुनर्निर्माण कोषको व्यबस्थापन भूकम्प प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन २०७२ को मर्म अनुरुप हुने गरी पुनर्निर्माण कोष व्यवस्थापन तथा संचालन कार्यविधिको मस्यौदा परिर्माजन गर्ने र अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

२) तालिम संचालन तथा व्यवस्थापन निर्देशिकाको मस्यौदा सम्बन्धमा बैठकमा छलफल हुँदा कतिपय विषयहरु परिमार्जन गर्नु पर्ने देखिएकोले देहाय अनुसारको समितिले अध्ययन गरी परिमार्जन सहित स्वीकृतिको लागि अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| डा. विष्णु बहादुर भण्डारी, कार्यकारी समिति सदस्य | - संयोजक |
| डा. चन्द्र बहादुर श्रेष्ठ, कार्यकारी समिति सदस्य | - सदस्य |
| श्री जनार्दन गुरागाई, सहसचिव राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | -सदस्य |
| श्री द्वारिका श्रेष्ठ, ,, ,, | ,, |
| श्री रामदत्त पाण्डेय, उपसचिव, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | -सदस्य सचिव |

३) प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल भयो । काठमाडौ उपत्यकाका ३ र बाँकी प्रभावित र कम प्रभावित १७ बटा जिल्लाहरुमा भूकम्प प्रभावित संरचनाको सर्वेक्षण गर्ने सम्बन्धमा देहाय अनुसार भूकम्प पिडितहरु लाई लक्षीत गर्ने गरी Verification Model बाट सर्वेक्षण सुरु गर्ने निर्णय गरियो ।

१) भूकम्प पिडित परिचय पत्र (रातो कार्ड) र राहत रु .१५,०००।- प्राप्त गरेका तथा न्यानो कपडा बापतको रकम समेत प्राप्त गरेका भूकम्प पिडितहरु ।

२) भूकम्प पिडित परिचय पत्र (रातो कार्ड) प्राप्त गरेका तर राहत र न्यानो कपडा प्राप्त नगरेका वा ति मध्ये कुनै एक मात्र प्राप्त गरेका भूकम्प पिडितहरु ।

३) भूकम्प पिडित परिचय पत्र (रातो कार्ड) प्राप्त गर्ननसकेका वा कुनै कारणले दर्ता हुन छुटेका भूकम्प पिडित भएमा त्यस्ता व्यक्तिहरुलाई सार्वजनिक संञ्चार माध्यम मार्फत सूचना प्रबाह गरी निबेदन दर्ता गराउन अबसर दिने र दर्ता हुन आएका भूकम्पपिडितहरु ।

सचिव

बैठक नं. १८

निर्णयहरु

१) हालसम्म राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट भएका कार्यहरुको कार्य प्रगति र तत्कालीन कार्य योजना प्रस्ताव स्वीकृत गरी मिति २०७३।०३।१० मा हुने निर्देशक समितिमा पेश गर्ने निर्णय गरियो ।

२) बुढिगण्डकी आयोजना अन्तर्गत डुवान क्षेत्रमा पर्ने लाभग्राही परिवारलाई अनुदान दिने सम्वन्धमा आवश्यक निर्णयका लागि निर्देशक समितिमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

३) प्रस्ताव नं. ३ मा रहेको गुनासो व्यवस्थापन कार्यविधिमा आवश्यक परिमार्जन गरी आगामी निर्देशक समितिको बैठकमा पेश गर्ने निर्णय गरियो ।

४) पुनर्निर्माण कोष व्यवस्थापन तथा सञ्चालन कार्यविधिमा आवश्यक परिमार्जन गरी कार्यान्वयनका लागि स्वीकृत गर्ने निर्णय गरियो ।

सचिव

बैठक नं. १५

## २०७३।०३।१४ को कार्यकारी समितिको बैठकका निर्णयहरु

१) गुनासो व्यवस्थापन कार्यविधि सम्बन्धमा कार्यकारी समितिको मिति २०७३।०३।०९ को बैठकमा छलफल भई निर्देशक समितिमा पेश भएकोमा निर्देशक समितिको २०७३।०३।१० गतेको बैठकले प्रस्तुत कार्यविधि कार्यकारी समितिले नै छलफल गरी स्वीकृत गर्न सक्ने भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा ३१ मा व्यवस्था भएको हुँदा कार्यकारी समितिमा नै निर्णयका लागि फिर्ता पठाउने निर्णय भएअनुसार आजको बैठकबाट निर्णयार्थ पेश हुन आएका गुनासो व्यवस्थापन कार्यविधि, २०७३ लाई परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

२) भूकम्प प्रभावित क्षेत्रमा रहेका ९ जिल्लाहरु (रामेछाप, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, गोरखा, रसुवा, दोलखा र ओखलढुङ्गा) को ११७ स्थानको भौगर्भिक अध्ययन गरी खानी तथा भूगर्भ विभागबाट तयार पारिएको भौगर्भिक अध्ययन प्रतिवेदनको सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

क) भौगर्भिक अध्ययन प्रतिवेदनले औंल्याएका जोखिमयुक्त बस्तीहरुको सूची संलग्न गरी जोखिममा रहेका भूकम्प प्रभावित बस्तीहरुमा वर्षातको समयमा आउन सक्ने प्राकृतिक विपद् र गर्नुपर्ने व्यवस्थापन सम्बन्धमा आवश्यक पूर्व तयारी सहितको व्यवस्था मिलाउन गृह मन्त्रालय केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा लेखी पठाउने ।

ख) बस्ती सार्नुपर्ने सिफारिश भएका जोखिमयुक्त बस्तीहरुमा आवास अनुदान सम्झौता नगर्ने र सम्झौता भइसकेको भए सम्बन्धित जिल्ला विकास समितिलाई पत्र लेखी भुक्तानी रोक्का राख्न लगाउने र सो ठाउँमा आवास वा अन्य स्थायी संरचना बनाउन अनुमति नदिने ।

ग) जोखिमयुक्त बस्तीहरुमा बसोबास गरिरहेका जनतालाई सुरक्षित स्थानमा स्थानान्तरणको लागि अध्ययन गरी बस्ती विकास योजनाको प्रस्ताव पेश गर्न शहरी विकास मन्त्रालयलाई लेखी पठाउने ।

३) जोखिमयुक्त बस्तीहरुको भौगर्भिक अध्ययन गर्ने सम्बन्धमा हालसम्म ११७ स्थानको मात्र प्रारम्भिक प्रतिवेदन प्राप्त भएको र यो विषय ज्यादै संवेदनशील रहेकोले थप भौगर्भिक अध्ययनका सम्बन्धमा चालू आ.व. मा गर्न सकिने कार्यक्रमका लागि कार्यक्रम र लागत अनुमान पेश गर्न र चालू आ.व. ०७२/०७३ मा गर्न नसकिने कार्यक्रमहरु आगामी आ.व. मा गर्ने गरी कार्यक्रम बनाई शीघ्र पेश गर्न खानी तथा भूगर्भ विभागमा लेखी पठाउने ।

सचिव

## कार्यकारी समिति (२०७३।०३।१७) को विसौं बैठकका निर्णयहरु

१) कार्यकारी समितिको सत्रौं बैठकले भूकम्पबाट प्रभावित संरचनाहरुको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी तालिम संचालन तथा व्यवस्थापन निर्देशिका, २०७३ को मस्यौदा अध्ययन गरी परिमार्जन सहित पेश गर्न कार्यकारी समिति सदस्य डा. विष्णु बहादुर भण्डारीको संयोजकत्वमा समिति गठन गरिएकोमा उक्त समितिले छलफल गरी तयार गरेको तालिम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७३ लाई परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

२) भूकम्पवाट क्षति भएका निजी आवास पुनर्निर्माणका लागि लाभग्राहीहरुलाई अनुदान वितरण गर्दा लाभग्राहीको देहायअनुसारको विवरण फरक परेमा देहायअनुसार गर्ने निर्णय गरियो ।

क) लाभग्राही स्वंय उपस्थित नभई आफ्नो प्रतिनिधि (Nominee) लाई मञ्जुरीनामा दिई अनुदान सम्झौता भएको भए सोको विवरण खोली सम्बन्धित गा.वि.स. वा न.पा.ले जिल्ला विकास समितिमा पठाउने ।

ख) जिल्ला विकास समितिले त्यस्ता व्यक्तिहरुका नाममा खाता खोलिदिन सम्वन्धित बैंकलाई पत्राचार गर्ने र बैंकले पनि सोही बमोजिम खाता खोली अनुदान भुक्तानी हुने आधार तयार गर्ने ।

ग) जिल्ला विकास समितिले अनुदान भुक्तानीका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयमा भुक्तानी आदेशसाथ अनुदान सम्झौता गरेका लाभग्राहीहरुको विवरणमा मूल लाभग्राहीको नाम समावेश गरी कैफियतमा अनुदान सम्झौता गर्ने प्रतिनिधिको नाम उल्लेख गरी प्रतिनिधिको नाममा रहेको बैंक खातामा रकम जम्मा हुने गरी लेखी पठाउने ।

घ) कोष तथा लेखा नियन्त्रक कार्यालयले विवरण भिडान गर्दा मूल लाभग्राहीको विवरण भिडान भएमा वुदाँ नं. (ग) बमोजिमको प्रतिनिधिको खातामा रकम जम्मा हुने गरी सम्बन्धित बैंकको नाममा चेक जारी गरिदिने । साथै, भुक्तानी पाउने लाभग्राहीको अभिलेखमा मूल लाभग्राहीको नाम नै उल्लेख गर्ने ।

ङ) अनुदान सम्झौता पत्रमा उल्लेखित लाभग्राहीको नाम नामेसी, तीनपुस्ते र Unique ID लाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय केन्द्रिय आयोजना कार्यान्वयन ईकाइले जिल्लामा उपलब्ध गराएको लाभग्राहीको नाम नामेसी, तीनपुस्ते र Unique ID सँग भिडान गर्दा सामान्य त्रुटी (जस्तै, लाभग्राहीको शुरुको नाम वा वीचको नाम वा थर, वा ठेगाना, वा नागरिकता नम्वर वा नागरिकता जारी भएको जिल्ला वा जारी मिति वा जन्म मिति वा बावु वा बाजेको नाम,थर वा ससुरा वा पतिको नाम, थर आदिमा सामान्य त्रुटी) देखिई अन्य विवरण भिडान भएमा अनुदान सम्झौता पत्रमा उल्लेखित विवरणलाई आधिकारिक विवरण मान्ने ।

सचिव

च) जिल्ला विकास समितिले त्यस्ता लाभग्राहीहरुको विवरण तयार गरी त्रुटी सच्याउन सिफारिश सहित संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको केन्द्रीय आयोजना कार्यान्वयन ईकाई र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा लेखी पठाउने ।

छ) यसरी प्राप्त विवरणका आधारमा प्राधिकरणले LMBIS मा समेत विवरण सच्याई एकल खाता कोष प्रणालीमा समेत सो विवरण अद्यावधिक गर्न अर्थ मन्त्रालयलाई लेखी पठाउने । साथै सम्वन्धित बैंकको केन्द्रीय कार्यालयलाई सोही विवरण बमोजिम खाता खोलिदिन लेखी पठाउने ।

ज) बुंदा नं. (ङ) बाहेकको अवस्था परी नाम नामेशी नभिडेमा सम्बन्धित गाविस वा नपाबाट सर्जमिन मुचुल्का गराई जिल्लास्तरीय गुनासो सुनुवाई समितिबाट ठहर भए बमोजिम त्रुटि सच्याउन (बुंदा नं.(च) बमोजिम) लेखि पठाउने र प्राधिकरणले बुंदा नं.(छ) मा उल्लेखित कारवाही गर्ने ।

३) भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्वन्धी कार्यविधि, २०७२ को ५(२) अनुसार अन्य स्वदेशी वा विदेशी संघ संस्थाको सहयोगमा आवास भवन निर्माणका लागि अनुदान वा निजी आवास भवन नै प्राप्त गरेको लाभग्राही तथा भूकम्प पिडितलाई यस कार्यविधि बमोजिमको दुई लाख रुपैया अनुदान, सहुलियत कर्जा एंव भुकम्प पिडित विशेष आवास कर्जा उपलब्ध गराउने छैन भन्ने व्यवस्था भएकोमा भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्वन्धी कार्यविधि, २०७२ को दफा १७ बमोजिम संशोधन गरी निम्न अनुसार गर्ने निर्णय गरियो ।

| क्र.सं | हालको व्यवस्था | | संशोधित व्यवस्था | | संशोधन गर्नुपरेको कारण |
|---|---|---|---|---|---|
| | दफा | व्यवस्था | दफा | व्यवस्था | |
| १. | ५(२) | अन्य स्वदेशी वा विदेशी संघ संस्थाको सहयोगमा आवास भवन निर्माणका लागि अनुदान वा निजी आवास भवन नै प्राप्त गरेको लाभग्राही तथा भूकम्प पिडितलाई यस कार्यविधि बमोजिमको दुई लाख रुपैया अनुदान, सहुलियत कर्जा एंव भूकम्प पिडित विशेष आवास कर्जा उपलब्ध गराउने छैन । | ५(२) | अन्य स्वदेशी वा विदेशी संघ संस्थाको सहयोगमा निजी आवास भवन नै प्राप्त गरेको लाभग्राही तथा भूकम्प पिडितलाई यस कार्यविधि बमोजिमको दुई लाख रुपैया अनुदान, सहुलियत कर्जा एंव भूकम्प पिडित विशेष आवास कर्जा उपलब्ध गराउने छैन । | उक्त दफाको व्यवस्थाले अन्य स्वदेशी वा विदेशी संघ संस्थाको सहयोगमा आवास भवन निर्माणका लागि अनुदान प्राप्त गर्ने लाभग्राहीलाई बैंकबाट लिने सहुलियत ऋण लिनलाई समेत बन्देज लगाएको हुँदा उक्त व्यवस्था संशोधन गर्न आवश्यक भएको । |

सचिव